STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

सवारी साधन चलाउँदा बाटो काट्दा नियमहरु पालन गरौं, आफू पनि जोगिऔं अरुलाई पनि जोगाऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख १५ गते बुधवार ❑ 28 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रदेशसभा सदस्यको पिसिआर परीक्षण गरिने

पोखरापत्र संवाददाता
पोखरा, १४ बैशाख

गण्डकी प्रदेशसभाको विशेष अधिवेशनअन्तर्गत मंगलबार स्थगित बैठक प्रदेशसभा सदस्यको पिसिआर परीक्षण गरेपछि बस्ने सहमति भएको छ ।



सत्ता पक्षीय नेकपा एमालेका प्रदेशसभा सदस्यबाट कोरोना महामारी बढेको वर्तमान अवस्थामा सदस्यको पिसिआर परीक्षण हुनुपर्ने मागसहित मंगलबारको बैठक अवरुद्ध गरेपछि कार्यव्यवस्था परामर्श समितिको बसेको बैठकले परीक्षण गरेर मात्र सभा बस्ने सहमति जुटेको हो । सबै सदस्यको पिसिआर परीक्षण गर्ने भन्दै भोलि १ बजेसम्मका लागि बैठक स्थगित गरेको छ ।

बैठकमा कोरोना सङ्क्रमण पुष्टि भएका सदस्यले मुख्यमन्त्रीविरुद्ध अविश्वास प्रस्तावको छलफलमा सहभागी हुन नपाउने तर मतदान प्रक्रियामा सहभागि हुन पाउने सहमति जुटेको बताइएको । सहमतिअनुसार बुधबार नै प्रदेशसभा सदस्यको पिसिआर परीक्षण भएको र भोलि १० बजेसम्म त्यसको नतिजा आएपछि १ बजे बैठक बस्ने प्रदेशसभा सदस्य प्रकाशचन्द्र दवाडीले जानकारी दिए । गण्डकी प्रदेशसभाको विशेष अधिवेशनअन्तर्गत मंगलबारको बैठकमा मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङविरुद्ध अविश्वासको प्रस्तावमाथि छलफल गर्ने कार्यसूची थियो ।

सरकार ढल्ने निश्चित भएपछि सरकारले सीमित समयका लागि सरकारको आयु लम्ब्याउने खेल खेलेको माओवादी सांसद दीपक कोइरालाको भनाइ छ । जनता समाजपादी पार्टीका सांसद हरिशरण आचार्यले सरकारले जग हँसाउने काम गरेको बताए । सरकारमा बसेर आफूले गर्नुपर्ने काम भएन भनेर संसद बैठक अवरुद्ध गर्नु लज्जास्पद भएको उनको भनाइ थियो । बैठकमा एमालेका प्रमुख सचेतक मायानाथ अधिकारीले बैठकको सुरुमै संसदको ध्यानाकर्षण गराएका थिए । मंगलबार बैठकको कार्यसूचीमा प्रवेश गर्न लागेसँगै एमालेका सांसदले उठेर विरोध गरेका थिए । सभामुखले आफ्नो माग राख्ने समय दिएपछि सांसद राजीव पहारीले कोरोनाको परीक्षण बिना संसद चल्न नदिने बताए । सांसद पहारीले कास्कीमा निषेधाज्ञासमेत जारी भएको अवस्थामा कोरोना परीक्षण नगरी बैठक बस्नु गलत भएको बताएका थिए ।

धेरै सांसदले कोरोनाविरुद्धको दोस्रो खोप पनि नलगाएको, कतिपय सांसद दीर्घरोगीसमेत भएकाले पीसीआर परीक्षण गरेमात्र बैठक राख्न एमालेका तर्फबाट पहारीले भनाइ राखेका थिए । सोमबारदेखि सुरु भएको विशेष अधिवेशनमा पहलो दिन प्रस्तावित मुख्यमन्त्री तथा काँग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपालीले मुख्यमन्त्री पृथ्वीसुब्बा विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएदेखि छलफल चलिरहेको छ ।

सोमबार १० जना सांसदले छलफलमा भाग लिएका थिए भने बाँकीले मंगलबार छलफलमा भाग लिएर १५ गते मतदानमा जाने दलहरुको तयारी थियो ।

काँग्रेस, माओवादी र जसपा मिलेर अविश्वासको प्रस्ताव दर्ता गर्न लागेको थाहा पाउनेबित्तिकै वैशाख १ गते मध्यरातमा मुख्यमन्त्री गुरुङले विधायन अधिवेशन नै अन्त्य गराएका थिए ।

## केसी परिवारलाई समवेदना व्यक्त गर्न महामन्त्री कोइराला देउमाणिमा

पोखरापत्र संवाददाता
पोखरा, १४ बैशाख

प्रजातन्त्र सेनानी, नेपाली काँग्रेसका क्रियाशील सदस्य हर्क बहादुर केसीको निधन भएको १२ औं दिनको पुण्य तिथिमा मङ्गबार श्रद्धाञ्जली सभा गरिएको छ ।

नेपाली काँग्रेस वडा कार्यसमिति पोखरा २८ ले देउमाणिमा आयोजना गरेको कार्यक्रममा पार्टीका नेता तथा कार्यकर्ता, शुभेच्छुक, आफन्त, छिमेकी र परिवारजनको सहभागिता रहेको थियो । श्रद्धाञ्जली सभामा सहभागिता जनाउन तथा केसी परिवारप्रति समवेदना व्यक्त गर्न नेपाली काँग्रेसका महामन्त्री डा. शशांक कोइराला देउमाणि पग्नु भएको कास्की काँग्रेसका प्रवक्ता नवीन सिग्देलले जानकारी दिए ।




स्व. हर्कबहादुर नेपाली काँग्रेस कास्कीका सभापति कृष्ण केसीका बुबा रहेका छन् । श्रद्धाञ्जली सभामा नेपाली काँग्रेसका महामन्त्री डा. कोइरालाले जन्म र मृत्यु स्वभाविक प्रक्रिया भएको बताए ।

कार्यक्रममा नेपाली काँग्रेसका नेताहरु शुक्रराज शर्मा, यज्ञबहादुर थापा, आइ बहादुर गुरुङ, राजु थापा, परिवारकोतर्फबाट बाबुराम केसी, इकाइ उपसभापति शिवबहादुर अधिकारी, सचिव राजेश अधिकारीले बोलेका थिए । कार्यक्रम इकाइ सभापति विकास गुरुङको अध्यक्षतामा भएको थियो ।

## दुई सातामा सात गुना बढी थपिए संक्रमित,१३३ को मृत्यु

रासस
काठमाडौं, १४ बैशाख

दुई सातामा कोरोना सङ्क्रमितको सङ्ख्या सात गुना बढीले वृद्धि भएको छ ।

नयाँ वर्ष-२०७८ को पहिलो दिन वैशाख १ गते नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या ६०३ पुगेको थियो । उक्त सङ्ख्या दुई सातापछि आज बढेर चार हजार ५२४ पुगेको छ । योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या तीन लाख सात हजार ९२५ पुगेको छ । दुई साताअघि चार हजार २८९ जनाको पिसिआर परीक्षण तथा ४५१ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो । पछिल्लो २४ घण्टामा १४ हजार ६७२ जनाको पिसिआर परीक्षण तथा एक हजार नौ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिए । दुई साताअघिसम्म पिसिआर परीक्षण गराउनेको सङ्ख्या २२ लाख ३६ हजार ५२६ पुगेको थियो । हाल उक्त सङ्ख्या २४ लाख ३२ हजार ८९ पुगेको छ । हाल ५८ जना क्वारेन्टिनमा रहेका छन् ।

हालसम्म दुई लाख ७८ हजार ५०६ कोरोना भाइरसबाट मुक्त भई घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर ५५५ सङ्क्रमित निको भएर घर फर्किएका छन् । दुई साताअघि देशभर चार हजार ५६ सक्रिय सङ्क्रमित रहेकामा हाल उक्त सङ्ख्या बढेर २६ हजार २२५ पुगेको मन्त्रालयले जनाएको छ । दुई सातामा काठमाडौं उपत्यकामा पनि कोरोना सङ्क्रमितको सङ्ख्या सात गुना बढीले वृद्धि भएको छ ।

दुई साताअघि सङ्क्रमिको सङ्ख्या काठमाडौं उपत्यकामा २५४ रहेको थियो । पछिल्लो २४ घण्टामा उपत्यकामा सङ्क्रमितको सङ्ख्या बढेर एक हजार ९६६ पुगेको छ । दुई साताअघि सङ्क्रमितको सङ्ख्या काठमाडौंमा १७३, ललितपुरमा ६१ तथा भक्तपुरमा २० रहेको थियो । हाल काठमाडौंमा एक हजार ६०२, ललितपुरमा २४० तथा भक्तपुरमा १२४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ ।

नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट दुई साताअघि तीन सङ्क्रमितको मृत्यु भएको थियो । पछिल्लो २४ घण्टामा कोरोनाबाट १८ जनाको मृत्यु भएको छ । वैशाख १ गते कोरोना भाइरसको सङ्क्रमणबाट तीन हजार ६१ जनाको मृत्यु भएको थियो भने आज उक्त सङ्ख्या बढेर तीन हजार १९४ पुगेको मन्त्रालयले जनाएको छ । दुई सातामा कोरोनाबाट १३३ जनाले ज्यान गुमाएका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बिदामा बसेका आफूना कर्मचारीलाई तुरुन्त काममा फर्कन निर्देशन दिएको छ । मन्त्रालयका प्रवक्ता डा गौतमका अनुसार सङ्क्रमण ह्वात्तै बढेका कारण उनीहरूलाई काममा फर्किन निर्देशन दिइएको हो । मन्त्रालयले चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीलाई लामो बिदा नदिनसमेत निर्देशन दिएको छ ।

## कोरोनाविरुद्ध लड्न सर्वपक्षीय संयन्त्र जरुरी : माओवादी केन्द्र

रासस
काठमाडौं, १४ बैशाख

नेकपा (माओवादी केन्द्र)ले कोरोनाविरुद्धको लडाइँलाई थप प्रभावकारी बनाउन सर्वपक्षीय राजनीतिक संयन्त्र बनाउन सरकारको ध्यानाकर्षण गराएको छ । एकीकृतरूपमा कोरोनाविरुद्ध लड्नु जरुरी रहेको भन्दै माओवादी केन्द्रले स्वास्थ्य सामग्रीको प्रबन्ध गर्न, अग्रमोर्चामा रहेका चिकित्सकलाई विशेष व्यवस्था गर्न आग्रह गर्दै सो पार्टीले निषेधाज्ञाका कारण समस्यामा पर्ने वर्ग तथा समुदायलाई विशेष राहत दिन भनेको छ ।

माओवादी केन्द्रको आज बसेको स्थायी समितिको बैठकले अक्सिजन, आइसियु, भेन्टिलेटर र आइसोलेसन सेन्टर व्यवस्था गर्न स्वास्थ्य सामग्रीको जोहो गरी नागरिकलाई राहतको प्रबन्ध गर्न अनुरोध गरिएको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए ।

यस्तै, माओवादी केन्द्रले अब सबै समितिमा ३५ प्रतिशत महिलाको प्रतिनिधित्व अनिवार्य गरेको छ ।

यस्तै, दलित समुदायको १५ प्रतिशत र युवाको प्रतिनिधित्व २० प्रतिशत बराबर गर्ने भएको छ ।

हाल उक्त प्रस्ताव स्थायी कमिटीमा पेश गरिएको र त्यसलाई केन्द्रीय समितिमा लगेर पारित गरिने प्रवक्ता श्रेष्ठको भनाइ छ ।

## पोखराको पर्यटन विकासका लागि परिषद् र महानगरबीच छलफल

पोखरापत्र संवाददाता
पोखरा, १४ बैशाख

पोखराको दिगो पर्यटन विकासका लागि पोखरा महानगर र पर्यटन व्यवसायीबीच छलफल भएको छ ।



पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईको नेतृत्वमा सङ्घमा आबद्ध सङ्घसंस्थाका प्रतिनिधिसहितको टोली र महानगरका प्रमुख मानबहादुर जिसीबीच कोभिड-१९ को समस्या र पोखराको पर्यटनको विषयमा छलफल भएको हो ।

कोभिड-१९ को महामारी यथावत रहेको अवस्थामा पर्यटन व्यवसायीले भोग्नुपरेका समस्यालागायत पर्यटनको दिगो विकासमा आगामी योजनाका बारेमा छलफल भएको अध्यक्ष भट्टराईले जानकारी दिए । "अहिले निकै कठिन अवस्थामा पर्यटन व्यवसायी छन्, स्थानीय सरकार व्यवसायीमैत्री हुन जरुरी छ, सँगसँगै पोखराको पर्यटनमा नवीनतम सोचसहितका पूर्वाधार अबको खाँचो हो, यही विषयमा छलफलमा जुटेका हौं", उनले भने उनले महानगर प्रमुखलाई पोखराको दिगो विकासका लागि २५ बुँदे सुझावसहित ध्यानाकर्षणसमेत गराएको बताए । "हामी महानगरको पर्यटन विकासमा सहकार्य र समन्वय गरेर अघि बढ्न तयार छौं, महानगरले अग्रसरता लिएर अघि बढ्नुपर्छ", भट्टराईले भने ।

महानगर प्रमुख जिसीले पोखराको पर्यटन विकासका लागि आफू सधैं सकारात्मक रहेको र नतिजामुखी कामका लागि प्रतिबद्ध भएको बताए । "पोखरा हामी सबैको हो, यसको विकासका लागि आवश्यक पूर्वाधार निर्माणमा महानगर जुटिरहेको छ, कहीँकतै आँखा नपुगेको हुनसक्छ, सकारात्मक सुझावको अपेक्षा गरेका छौं", उनले भने, "विकासमा साझेदारी र सकारात्मक चिन्तनको आवश्यकता हुन्छ, हामी सबैको चाहना पोखरालाई समृद्ध बनाउने हो ।" प्रमुख जिसीले पर्यटन व्यवसायीसँग सहकार्य र समन्वय गरेर अघि बढ्न तयार रहेको बताए । परिषद्का महासचिव रामचन्द्र शर्माले पर्यटन क्षेत्रमा देखिएका समस्यासहित फेवातालको सौन्दर्य अभिवृद्धि र दिगो पर्यटन विकासका लागि देखिएका समस्यासहित महानगरले पहल गर्न सक्ने विषयमा छलफल भएको बताए । उनका अनुसार विशेषगरी फोहर व्यवस्थापन, फेवा किनारको हिमागृह र रत्न मन्दिरलाई ऐतिहासिक, पुरातात्विक पर्यटकीय सम्पदाका रूपमा विकास गर्न, पूर्वाधार निर्माण, स्वास्थ्य सचेतना, आवश्यक पूर्वाधारसहितको अस्पताल निर्माण गर्न, पर्यटकीय गन्तव्यको शुल्क एकद्वारबाट गर्न, सुरक्षाका लागि सडक बत्ती र सिसीटीभी जडान गर्न, सडक विस्तार र कनेक्टिभिटी, ट्राफिक व्यवस्थापन, सीपमूलक रोजगारको व्यवस्था, कर दर्ता प्रक्रिया साथै समस्यामा परेका व्यवसायीलाई करमा पूर्ण, आंशिकरूपमा सहुलियत, विश्व सम्पदा सूचीमा सूचीकृत पर्यटकीय गन्तव्यस्थललाई संवर्द्धन र संरक्षण, व्यवसाय दर्ता गर्नका लागि कम्पनी रजिष्टर्डको कार्यालय गण्डकी प्रदेशमा ल्याउन प्रदेश सरकारसँग महानगरलाई समन्वय गर्न विषय उठाइएको छ ।

पोखरा पर्यटकीय राजधानी भएकाले पर्यटकीय क्षेत्रमा रात्रिकालीन व्यवसाय सञ्चालनका लागि सुरक्षा निकायसँग समन्वय गरी सहज वातावरण निर्माण गर्न महानगरपालिकाबाट पर्यटनसम्बन्धी कार्यक्रमका लागि शीर्षक तोकी बजेट विनियोजन गर्नुपर्ने लगायतका विषयमा छलफल भएको शर्माले बताए ।

सुपथ मूल्यमा आकर्षक छपाइ


पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# यस वर्ष पर्वतका ७०० हेक्टर वन क्षेत्रमा आगलागी

**पोखरापत्र संवाददाता**
**पर्वत, १४ बैशाख**

वनमा लाग्ने डढेलो नियन्त्रण र वन संरक्षणसँगै प्रवर्द्धनको मुख्य भूमिका स्थानीयवासीको हुन्छ तर पर्वतका अधिकांश वनजङ्गलमा मानवीय कारणले आगलागी भएको तथ्याङ्कले देखाएको छ । गत चैत २५ गते दक्षिण पर्वतको पैयुँ गाउँपालिका-६ सरौखोलाको डाँडाकाहुँमा आगलागी हुँदा पाँच घर र १५ गोठ जलेर नष्ट भए । जङ्गलमा लागेको आगो बस्तीमा प्रवेश गरेपछि घर र गोठ जलेर नष्ट भएका हुन् ।

डिभिजन कार्यालय पर्वतले आगलागीका अधिकांश घटना मानवीय कारण भएको निष्कर्ष निकालेको छ । कार्यालयले पैयुँमा मात्र होइन, जिल्लाका अधिकांश ठाउँमा मानवीय कारणले आगलागी भएको बताए पनि डढेलो लगाउनेलाई पहिचान गर्न मुस्किल हुने र प्रमाण जुटाउन समस्या हुने भएकाले कानूनी दायरामा ल्याउन गाह्रो भएको बताएको छ । वनजङ्गलमा आगो लगाउँदा कस्तो कानूनी कारवाही बेहोर्नुपर्छ भन्नेबारे नागरिकमा खासै जानकारी नहुँदा घटना मौलाउँदै गएको देखिन्छ । बस्ती आसपासमा नयाँ घाँस पलाउने आशले सुकेका पातपतिङ्गरमा लुकीछिपी आगो लगाउने गरिन्छ । जङ्गलमा डढेलो लगाउँदा चरिचरनका लागि नयाँ घाँस पलाउने भन्ने गलत मानसिकताका कारण वनजङ्गल सखाप हुने गरेको छ । पर्वतमा गर्मीयामसँगै जिल्लाका सामुदायिक वनमा आगलागीका घटना बढेको पाइन्छ । डिभिजन वन कार्यालयका अनुसार जिल्लामा यस वर्ष ५० वटा सामुदायिक वनमा आगालागी भएको छ । जलजला गाउँपालिका-८ नाग्लीवाङ, फलेवास-३ शङ्करकपोखरी, मोदी-२ र ३ को भमरकोट, चिसापानीलगायतका जङ्गलमा भीषण आगो लागेको छ । पर्वतमा यस वर्ष करिब ७०० हेक्टरभन्दा बढी क्षेत्रफलको वनमा आगलागी भएको छ । डिभिजन वन कार्यालय पर्वतका प्रमुख मेघराज पौडेलले गर्मी बढ्दै जाँदा आगलागीका घटना पनि बढेको बताए । पौडेलका अनुसार समयमा पानी नपर्नु र मानिसको हेलचेक्र्याइँले गर्दा वनमा धेरै डढेलो लागेको हो । जिल्लाका सबै सामुदायिक वनमा अग्नि नियन्त्रणका लागि सञ्जालसहित विभिन्न समिति गठन गरे पनि जनचेतना र आगलागीबाट हुने दीर्घकालीन असरका बारेमा पर्याप्त जानकारी नहुँदा हरेक वर्ष डढेलोको प्रकोप फैलिने गरेको छ ।

मानिसले व्यक्तिगत जग्गामा पातपतिङ्गर पोलेर छाड्दा होस् या सडक बढारेको फोहर नालीमा फालेर आगो लगाउँदा होस् यस्तो समयमा धेरै आगलागी हुने गरेको छ । गत वर्षको तुलनामा यस वर्ष वनमा धेरै मात्रामा डढेलो लागेको छ । कार्यालय प्रमुख पौडेलले सबै सरोकारवाला निकायको समन्वय, सामुदायिक वनहरूको सञ्जाल, स्थानीय प्रशासन र स्थानीय बासिन्दासँगको समन्वयमा आगलागी हुनेबित्तिकै निभाउन जाने गरिएको बताए ।

पछिल्लो समय डिभिजन वन कार्यालयले माइकिङ, रेडियो तथा पत्रपत्रिकाबाट प्रचारप्रसारलाई समेत तीव्रता दिएको जनाएको छ । मुलुकी ऐनमा आगो लगाउनेको महलले आगो लगाउने कार्यलाई फौजदारी अभियोग मानेको छ । वन ऐन, २०४९ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को 'वनमा आगो लगाउन वा आगो लाग्न सक्ने क्रियाकलापलाई अपराधका रूपमा लिएर कैद सजाय र दण्ड जरिवाना गर्ने व्यवस्था गरे पनि त्यो कागजमै सीमित छ ।

# जीप दुर्घटना र संक्रमणबाट दुईको निधन

**पोखरापत्र संवाददाता**
**दमौली, १४ बैशाख**

तनहुँको ऋषिङ गाउँपालिका-१ धारापानीमा मंगलबार जीप दुर्घटना हुँदा एकको मृत्यु भएको छ ।

दुर्घटनामा १५ घाइते भएका छन् । दमौलीबाट भिरकोटतर्फ जाँदै गरेको ग१ज ७६०० नम्बरको जीप सडकबाट ७० मिटर तल खस्दा भएको दुर्घटनामा परी व्यास नगरपालिका-५ बस्ने २५ वर्षीया मनु थापाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिए । निजलाई दमौली अस्पतालका चिकित्सकले मृत घोषणा गरेका थिए । दुर्घटनामा परी ऋषिङ गाउँपालिका-२ बस्ने २६ वर्षीया रुपा थापा, निजका छोरा दुई वर्षीय सलिम थापा, सोही ठाउँ बस्ने २६ वर्षीया गीतामाया थापा, निजका छोरा आठ वर्षीय डिप्चन थापा, छोरी पाँच वर्षीया अस्मी थापा, बहिनी २० वर्षीया करिश्मा थापा घाइते भएकी छन् ।

त्यस्तै ऋषिङ गाउँपालिका-२ कै ४५ वर्षीय टीकाराम थापा, व्यास नगरपालिका-५ की पाँच वर्षीया अनामिका थापा, ऋषिङ गाउँपालिका-२ की बलिसरा थापा, व्यास नगरपालिका-७ की २३ वर्षीया दिलु थापा, निजकी छोरी दुई वर्षीया सुहानी थापा, ऋषिङ गाउँपालिका-२ का २८ वर्षीय लालबहादुर नेपाली र जीप चालक २९ वर्षीय गुजलसिं महारी घाइते भएको प्रहरीले जनाएको छ ।

घाइतेमध्ये रुपा थापा, सलिम थापा र अनामीका थापालाई पोखरा पठाइएको र अन्य घाइतेको दमौलीस्थित अस्पतालमा उपचार भइरहेको छ । यसैबीच कोरोना संक्रमणका कारण तनहुँको शुक्लागण्डकी नगरपालिकाका एक पुरुषको मृत्यु भएको छ । शुक्लागण्डकी नगरपालिका-९ का ८३ वर्षीय पुरुषको पोखरास्थित मेडिप्लस अस्पतालमा उपचार क्रममा मंगलबार मृत्यु भएको हो ।

उनमा वैशाख ८ गते कोरोनाको सङ्क्रमण पुष्टि भएको थियो । उनमा निमोनियालगायत समस्या रहेको गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयले जनाएको छ । यसैगरी गोरखाको पालुङटार नगरपालिका-५ की ६७ वर्षीया महिलाको पनि उपचारको क्रममा आज मृत्यु भएको छ । उनमा वैशाख १३ गते सङ्क्रमण पुष्टि भएको थियो ।

यससँगै गण्डकी प्रदेशमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या २१७ पुगेको स्वास्थ्य निर्देशक डा विनोदविन्दु शर्माले जानकारी दिए ।

# सबै अस्पताललाई बहिरङ्ग सेवा स्थगन गर्न निर्देशन

**रासस**
**काठमाडौं, १४ बैशाख**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सबै अस्पताललाई बहिरङ्ग सेवा बन्द गर्न निर्देशन दिएको छ ।

मन्त्रालयले मंगलबार सबै अस्पताललाई पत्र लेख्दै कोभिड-१९ को दोस्रो लहर बढेकाले उपचारको व्यवस्थापन गर्नका लागि हाललाई बहिरङ्ग र इलेक्टिभ सर्जरी सेवालाई स्थगित गर्न निर्देशन दिएको हो । मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले ती सेवा बन्द गरे पनि आकस्मिक सेवा भने सञ्चालन नै रहने जानकारी दिए । मंगलबार एकै दिन चार हजार ५२४ जना कोरोना सङ्क्रमित भएको र १८ जनाको निधन भएको छ । मन्त्रालयले कार्यरत जनशक्तिमध्ये ५० प्रतिशत जनशक्तिको आलोपालो निर्धारण गरी सेवा व्यवस्थापन गर्न भनिएको छ ।


## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

### Re-invitation for Sealed Quotation

**First date of Publication: 28th April, 2021**

1. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjainvites Sealed Quotation or electronic bids from eligible bidders for the Construction of Additional Floor of Basic Health Unit of Phedikhola Bazarat Ward No. 02 of Phedikhola Rural Municipalityunder the Contract No.PRM-W-NCB-68-BLDG-077-78. The estimated cost of the work is NRs. 1,435,656.83 (Including overhead, VAT & PS). Bidding is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja; website: www.phedikholamun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 12th of May 2021 during office hours.
   Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following accountand the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja; Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja; Office Account Number: 06500308CA; Account Name :Aantarik Rajaswa Khata, Revenue heading Number: Ga 1-1
4. Sealed quotation or electronic bids must be submitted to the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjaby hand or through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00hrs on 13-May-2021. Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 12:30 hrs on 13-May-2021 at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by hard copy of Bid security (for hand submission) or scanned copy of the bid security in pdf format (for e-submission),amounting to a minimum of NRs.36,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. Bidder who choose to submit bid security in Cash, the amount should be deposited in a Dharauti Account of Phedikhola Rural Municipality, Account no. 06500036CA at Prime bank Ltd., Phedikhola.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.


# पोखरेली युवाद्धारा फेवाताल सफाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ बैशाख**



पोखरामा मंगलबार बिहान ड्यामसाइडस्थित फेवाताल किनारमा रहेको फोहोर पोखरेली युवाहरुले सफा गरेका छन् ।

'अरुलाई दोष नदिऔं र अरुबाट आशा पनि नराखौं, अब जे गर्ने हो आफैबाट शुरु गरौं' सन्देश दिदै पोखरेली युवाहरुले फेवाताल सफा गरेका हुन् । ड्यामसाइड वरपर तालमा रहेको फोहोरजन्यवस्तु निकाल्न करिब दुई घण्टासम्म उक्त समुह लागी परे । पोखरेली युवाहरुको पहलमा यो सामाजिक कार्य भएको हो । केहि दिन अघि उनीहरुले सामाजिक सञ्जालमार्फत पोखरेली युवाहरुलाई ताल सरसफाइमा जुट्न आग्रह गरेका थिए । पोखरेली युवाहरुको यो कार्यमा १७ नम्बर वडा कार्यालय, त्यहाँस्थित विभिन्न क्लव लगायतले पनि सहयता गरेको पोखरेली सञ्चारकर्मी तथा अभियन्ता आशिष पुरीले जनाकारी दिए । फेवातालमा वर्षो लाखौं आन्तरिक पर्यटकहरु पोखरा घुम्न आउने गर्दा पोखराको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै उनीहरुकले यो सामाजिक काम गरेका हुन् ।

# नयाँ बसपार्कमा घर जाने यात्रुको भीड

**रासस**
**काठमाडौं, १४ बैशाख**

गोङ्गबुस्थित नयाँ बसपार्कमा घर जाने यात्रुको भीडभाड बढेको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौं, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारीको सोमबार बसेको संयुक्त बैठकले वैशाख १६ गते बिहानदेखि काठमाडौं उपत्यकामा एक हप्ता निषेधाज्ञा लगाउने निर्णय गरेसँगै घर जाने यात्रुको सङ्ख्यामा वृद्धि भएको हो । अन्य समयमा यात्रु नपाएर खाली हिँड्न बाध्य रहेका सार्वजनिक यातायात सोमबारको उक्त निर्णयसँगै भरिभराउ यात्रु बोकेर गन्तव्यतर्फ लागेका छन् । काठमाडौंका प्रमुख जिल्ला अधिकारी कालिप्रसाद पराजुलीले सोमबार दुई दिन यात्रुलाई घर जाने समय दिएको बताएसँगै आज बिहानैदेखि नयाँ बसपार्कमा घर जान यात्रुहरूको भीड लागेको हो । लामो दूरीका सार्वजनिक यातायातमा सिट नपाएको यात्रुले गुनासो गरेका छन् । बझाङ जानका लागि टिकट काट्न सोमबार साँझ नयाँ बसपार्क पुगेका जयराज जोशीले टिकट नपाएको गुनासो गरे ।

लामो दूरीका सवारी साधन थोरै भएका कारण पनि नयाँ बसपार्कमा टिकट अभाव भएको हो । नयाँ बसपार्क सञ्चालन गरेको ल्होत्से बहुउद्देश्यीय प्रालिका मानव संशाधन प्रमुख पङ्कज मल्लले बिहानदेखि नै नयाँ बसपार्कमा भीडभाड बढेको बताए । नयाँ बसपार्कबाट हाल देशभरका ६५ भन्दा बढी जिल्लामा सार्वजनिक यातायात ओहोरदोहोर गर्दै आएका छन् । नयाँ बसपार्कमा दैनिक ८०० देखि एक हजार सार्वजनिक यातायात दैनिक ओहोरदोहोर गर्दै आएका छन् ।


## कर्मचारी आवश्यकता

नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशको लागि कर्मचारी तुः आवश्कता परेको हुँदा योग्यता पुगेका नेपाली नागरिकले तुरुन्त अवेदन दिनुहुन अव्हान गरिन्छ ।

शैक्षिक योग्यताः कम्तिमा १२ पास
समय : १०–५ बजेसम्म
तलबः आपसी समझदारीमा

**पदपुर्ति उपसमिति**
गण्डकी प्रदेश, पोखरा-१०, बुद्धचोक
सम्पर्क नं. ९८५६०३६१७८




## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।
– स्वेटमार्डन

## सम्पादकीय

# निषेधाज्ञासंगै सावधानी अपनाऔ

कोरोनाभाइरसबाट मंगलबार मात्र चार हजार तीन सय ६४ जना संक्रमित थपिएका छन् । पछिल्लो चौबीस घण्टामा १४ हजार ६७२ जनाको आरटीपीसीआर परीक्षण गरिएकोमा चार हजार ३६४ जनामा भाइरसको संक्रमणको पुष्टि भएको छ । भारतसंग सिमाना जोडिएका र ठूला शहरहरुमा संक्रमितको संख्या ह्वात्तै बढेको छ । यो भुसको आगो जस्तै भित्र भित्रै फैलिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलका अनुसार नेपालमा कोरोनाका कुल संक्रमितको संख्या तीन लाख सात हजार ९२५ पुगेको छ । हाल २६ हजार २२५ जनामा भाइरसको संक्रमण सक्रिय रहेको मन्त्रालयले उल्लेख गरेको छ । पछिल्लो चौबीस घण्टामा एक हजार नौ जनाको एन्टीजेन परीक्षण गरिएकोमा १६० मा पोजिटिभ पाइएको छ । मन्त्रालयका अनुसार पछिल्लो चौबीस घण्टामा ५५५ जना संक्रमित निको भएका छन् ।

हालसम्म नेपालमा दुई लाख ७८ हजार ५०६ जना संक्रमित कोरोनामुक्त भएका छन् । संक्रमित निको हुने दर ९०.५ प्रतिशतमा झरेको छ । मन्त्रालयले पछिल्लो चौबीस घण्टामा १८ जना संक्रमितको मृत्यु भएको उल्लेख गरेको छ । कोरोना संक्रमणले नेपालमा हालसम्म तीन हजार १९४ जनाको मृत्यु भएको छ । हाल २६ हजार २२५ जना आइसोलेशनमा र ५८ जना क्वारेन्टिनमा छन् । संक्रमण फैलिएका ठुला शहर र राजधानी काठमाडौंमा निषेधाज्ञा जारी भएको छ । कोरोना संक्रमणका कारण घन्टैपिच्छे मृत्यु हुन थालेपछि सरकारले रोकथामको विकल्प रोजेको छ । छिमेकी भारतसँगै नेपालमा पनि महामारीले पुनः आक्रान्त पार्न थालेको छ। गतवर्ष चैत ११ गतेदेखि निषेधाज्ञा (लकडाउन) सुरु गरिएको थियो । क्रमशः सहज हुन थालेपछि खोलिएको निषेधाज्ञा दोस्रो चरणको कोरोना संक्रमणको व्यापकतासँगै बिहीबारदेखि पुनः सुरु गर्न लागिएको हो । सावधानी अपनाउने र प्रतिबन्धात्मक उपायहरू अपनाउनेजस्ता कामले माघ-फागुनदेखि जनजीवन सामान्यमा फर्किएको थियो । पछिल्लो एक सातामा संक्रमण र मृत्यु दरको आँकडाले भने मुलुकभर एकाएक नयाँ र चुनौतीपूर्ण परिस्थिति जन्माएको छ ।

संक्रमणबाट जोगिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लागू गरेको मापदण्ड अपनाउनुको विकल्प पनि छैन । मुलुकका ९ जिल्ला हटस्पट मानिएका छन् । बाँकेमा सोमबारदेखि लागू हुने गरी निषेधाज्ञा जारी गरेको छ । कोभिड १९ संकट व्यवस्थापन केन्द्रले कोरोना संक्रमण दर उच्च रहेका हटस्पटमा निषेधाज्ञा जारी गर्न सिफारिस गरेपछि काठमाडौंमा पनि लागू हुने भएको हो । वीरगन्ज पनि हटस्पट बन्दैछ । जहाँ एउटै बेडमा तीन संक्रमितको उपचार गर्नुपर्ने बाध्यता देखिएको छ। अक्सिजन नहुँदा उपचार प्रभावित भएको छ । चिकित्सकले निषेधाज्ञा जारी गर्न ढिलो भएको बताउन थालेका छन् । यस्तो अवस्था ढिलोचाँडो सबैतिर आउने देखिएको छ। कोरोना भाइरसको दोस्रो लहर सुरु भएसँगै यो सातादेखि मुलुकभरका दर्जनौं अस्पतालमा बिरामीले बेड पाउन छोडेका छन् । गम्भीर प्रकृतिका संक्रमितलाई आईसीयू वा भ्यान्टिलेटरमा राख्नुपर्छ तर त्यो स्वास्थ्य सुविधा सबैले पाएका छैनन्।अवस्था झन भयावह हुन नदिन अप्रिय भए पनि निषेधाज्ञा (लकडाउन) अहिलेको आवश्यकता हो ।

भारतमा दैनिक तीन लाखभन्दा बढी संक्रमित भइरहेका छन्। हालसम्म एक करोड ७३ लाख १३ हजार एक सय ६३ संक्रमित भइसके भने एक लाख ९५ हजार एक सय २३ को निधन भइसकेको छ । भारतबाट स्वदेश फर्किने नेपालीको चाप थेगिनसक्नु हुन थालेको छ । सीमानाकाहरू अस्तव्यस्त छन् । मेचीको काँकडभिट्टा होस् वा कैलालीको गौरीफन्टा अनि कञ्चनपुरको गड्डाचौकी, दैनिक हजारौंको उक्त संख्याको सही व्यवस्थापन हुन नसक्दा र फर्किनेहरूले पनि स्वास्थ्य सावधानी नअपनाउँदा संक्रमण दर ह्वात्तै बढेको छ । सुरक्षाकर्मी र कर्मचारीले चाप थेग्न र व्यवस्थित गर्न नसकेपछि संक्रमण बढेको र उक्त चापले अस्पताल भरिभराउ हुन पुगेका छन् । यस्तो उच्च संक्रमणका बेला, अस्पताल भरिभराउ भएका बेला, उपचारका लागि बेड, आईसीयू र भ्यान्टिलेटर नपाइरहेका समयमा नागरिक स्वतस्फूर्त रूपमा नियन्त्रित हुनुपरछ। ज्यान जोखिम हुने बुझेपछि उस्तै लापर्वाही देखिएको छ । हरेक नागरिकले वर्तमान परिस्थितिको विश्व परिवेश र मुलुक अनि स्थानीय परिवेश विचार गरी सतर्कता अपनाए मात्र कोरोना रोकथाम सम्भव छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शारिरीक झमेला | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# १७९ विद्यालय भवन पुनःनिर्माण

**पोखरापत्र संवाददाता**
**गलकोट, १४ बैशाख**

बागलुङमा भुकम्पले भत्काएका १७९ विद्यालय भवन ठडिएका छन् । बागलुङमा हाल सम्म १७९ विद्यालय भवनको पुनःनिर्माण भएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यालय बागलुङले जनाएको छ ।

भूकम्प गएको छ वर्ष बितिसक्दा विद्यालय पुनःनिर्माणले अन्तिम रुप लिन थालेको छ । विसं २०७२ को भूकम्पबाट क्षति पुगेका विद्यालय भवन ठडिएका छन् । बागलुङमा भूकम्पले भत्काएका करिब सबै विद्यालय पुनःनिर्माण भएको पुनःनिर्माण प्राधिकरणले जनाएको छ । राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ शिक्षाले विद्यालय पुनःनिर्माणमा तदारुकता दिएपछि विद्यालय भवन ठडिएका हुन् । बागलुङमा पुनःनिर्माण कार्यालय (शिक्षा) स्थापना भएपछि आव २०७३/७४ मा १४, २०७४/७५ मा १४, २०७५/७६ पहिलो चरणमा ४०, दोस्रो चरणमा ३८, २०७६/७७ को पहिलो चरणमा आठ, दोस्रो चरणमा ६५ विद्यालय पुनःनिर्माण गरिएको जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा) का प्रमुख मतिलाल चपाईंले जानकारी दिनुभयो । आव २०७६/७७ को दोस्रो चरणका विद्यालयको भौतिक प्रगति ८० प्रतिशत पुगेको र यसअघिका सबै विद्यालय निर्माण सम्पन्न भई विद्यालयलाई हस्तान्तरण गरिसकिएको छ ।

"अन्तिम चरणका केही भवन हस्तान्तरण हुन बाँकी रहेको र केही भवन दुर्गमका हिसाबले ढिलागरी निर्माण भइरहेकाले केही प्रतिशत बाहेक १७९ विद्यालय पुनःनिर्माण भइसकेको छ", चपाईंले भन्नुभयो, "अब विद्यालयको पुनःनिर्माण लगभग सकिएको छ, सरकारले अब बन्ने विद्यालयको जिम्मा स्थानीय तहलाई दिने माथिको कार्यविधि छ ।" बन्दाबन्दीमा भवन निर्माणले गति लिएपछि भौतिक प्रगति सन्तोषजक देखिएको छ ।

यसैगरी प्राधिकरणले आव २०७५/७५ को दोस्रो चरणमा २५, २०७६/७७ को पहिलो चरणमा आठ र ६ खानेपानी आयोजना र २०७६/७७ को दोस्रो चरणमा २५शौचालय र २५ खानेपानी आयोजना निर्माणधीन अवस्थामा रहेको तथा यसको भौतिक प्रगति ८० प्रतिशत भइसकेको छ । बागलुङमा निर्माण भएका १७९ विद्यालय मा ८२ वटा चार कोठे, २९ वटा तीन कोठे र ६८ वटा दुई कोठे विद्यालय निर्माण गरिएको हो । भूकम्पले क्षति पुऱ्याएका २१५ विद्यालय मध्येबाट दुर्गम, विद्यार्थी सङ्ख्या तथा मौजुदा भवनको अवस्था हेरेर नयाँ भवन निर्माण गरिएको हो । प्राधिकरण शिक्षाका इञ्जिनीयर रामानन्द देवका अनुसार चार कोठे भवनका लागि रु ७० लाख ४० हजार, तीन कोठे भवन निर्माणका लागि रु ३५ लाख ७० हजार, दुई कोठे भवन निर्माणका लागि रु २३ लाख ९० हजार, शौचालय निर्माणका लागि रु १५ लाख र खानेपानी आयोजनाका लागि सात लाख बजेट विनियोजन हुँदै आएको छ । भौगोलिक अवस्था तथा ढुवानी खर्च हेरेर केही बजेटमा हेरफेर पर्न सक्ने एकाइले जनाएको छ ।

# भारतमा एक दिनमा तीन लाख २३ हजारभन्दा बढी संक्रमित

**रासस**
**काठमाडौं, १४ बैशाख**

भारतमा गत २४ तीन लाख २३ हजारभन्दा बढी नागरिक कोरोना भाइरस सङ्क्रमित भेटिएका छन् । एकै दिन तीन लाखभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भेटिएका यो छठौँ दिन भएको बताइएको छ । कोरोना महामारी शुरु भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो सङ्ख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ ।

यसैगरी यहाँ गएको २४ घण्टायता दुई हजार ७७१ जनाको ज्यान गएको छ । त्यसैसँगै भारतमा यो सङ्क्रमणबाट मात्र एक लाख ९७ हजार ८९४ व्यक्तिको निधन भइसकेको छ । यसरी भारतमा अहिलेसम्ममा यो सङ्क्रमणबाट एक करोड ७६ लाख ३६ हजारभन्दा बढी व्यक्ति सङ्क्रमित हुनपुगेका बताइएको छ । भारतमा हाल २८ लाख ८२ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् । भारतमा हालसम्म एक करोड ४५ लाख ५६ हजारभन्दा बढी कोरोना मुक्त भएका छन् । भारतमा गत जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १४ करोड ५० लाख ११ हजारभन्दा बढी व्यक्तिले खोप लगाएका छन् ।

कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छभने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ । भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सिन र स्पुट्निक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन् । रुसले विकास गरेको स्पुट्निक भी भने गत अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन् । भारतमा सोमबार मात्रै १६ लाख ५८ हजार ७०० जनाको कोरोना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ । अप्रिल २६ सम्म कूल २८ करोड ९७ लाख २१ हजारभन्दा बढीले कोरोना परीक्षण गरिसकेको पनि परिषद्ले उल्लेख गरेको छ ।

भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यका रुपमा रहेको छ । यहाँ सोमबार एकैदिनमा २० हजार २०१ जना थप व्यक्ति कोरोना भाइरस सङ्क्रमण देखिएको र ३८० जनाको मृत्यु भएको छ । दिल्ली कोरोना शुरु भएदेखि हालसम्म यसको सङ्क्रमणको कारण १४ हजार ६२८ व्यक्तिको मृत्यु भएको छ ।

# चीनद्वारा पचास लाख युआन बराबरको सहयोगको घोषणा

**रासस**
**काठमाडौं, १४ बैशाख**

परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले कोभिडविरुद्धको प्रतिकार्य र आरोग्य प्राप्तिका लागि सुदृढ क्षेत्रीय एवं अन्तर्राष्ट्रिय सहयोग अपरिहार्य भएको बताएका छन् ।

अफगानिस्तान, बङ्गलादेश, चीन, नेपाल, पाकिस्तान र श्रीलङ्काका विदेशमन्त्री सम्मिलित अप्रत्यक्ष सम्मेलनलाई मंगलबार सम्बोधन गर्दै उनले कोभिड-१९ ले थलिएको अर्थतन्त्रलाई गति दिन तथा आर्थिक पुनःरुत्थानका निम्ति पनि क्षेत्रीय एवं अन्तर्राष्ट्रिय सहयोगको मात्रा वृद्धि आवश्यक भएको बताए । सम्मेलनका क्रममा चीनको राज्यपरिषद् सदस्य तथा विदेशमन्त्री वाङ यीले कोरोनाविरुद्धको नेपालको राष्ट्रिय लडाइँमा चिनियाँ युआन ५० लाख बराबरका चिकित्सा उपकरण र सामग्री अतिरिक्त अनुदानस्वरुप उपलब्ध गराउने घोषणा गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ । कोभिड-१९ को महामारीविरुद्ध लड्न, रोजगारी र जनताको जीवन जोगाउन तथा अर्थतन्त्रलाई पुनर्जीवन दिन व्यावहारिक सहयोगलाई सबल बनाउन सहमति जनाउनुभएको पनि मन्त्रालयले जनाएको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः वि.स. १९७७/03/२६ | स्वर्गारोहणः वि.स. २०७८/०१/03

**स्वः हर्क बहादुर के.सी.**

यस सत्य सेवा आमा समुहका संरक्षक रमादेवी कार्कीका पुजनीय पिता एवं शुभचिन्तक शान्ती के.सी.का ससुराबाबा **हर्क बहादुर के.सी.** को १०१ वर्षको उमेरमा भएको निधनले अत्यन्तै मर्माहत र स्तव्ध भएका छौं । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

| | |
|---|---|
| प्रेम प्रसाद पराजुली | जमुनादेवी श्रेष्ठ |
| अध्यक्ष तथा | अध्यक्ष तथा |
| **नागेश्वर भजन कृतन समुह परिवार** | **सत्य सेवा आमा समुह परिवार** |

**पोखरा महानगरपालिका–१३ बाँझापाटन**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः वि.स. १९७७/03/२६ | स्वर्गारोहणः वि.स. २०७८/०१/03

**स्वः हर्कबहादुर के.सी.**


यस जनकल्याण समितिका सल्लहकार आजिवन सदस्य कृष्ण के.सी., शान्ति केसी एवं आजिवन सदस्य रमादेवी कार्कीका पुजनीय पिता **हर्कबहादुर के.सी.** को १०१ वर्षको उमेरमा भएको असामयिक निधनले अत्यान्तै मर्माहत र स्तव्ध भएका छौं । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भनि सिद्धकालिका मातासँग प्रार्थना गर्दै उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं ।

| | | |
|---|---|---|
| देवराज बराल | | कृष्णबहादुर क्षेत्री (कुमार) |
| अध्यक्ष | एवम् | महासचिव |

**श्री जनकल्याण समिति परिवार**
**पोखरा महानगरपालिका-१३, बाँझापाटन**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः वि.स. १९७७/03/२६ | स्वर्गारोहणः वि.स. २०७८/०१/03

**स्वः हर्कबहादुर के.सी.**

हाम्रा आदरणीय अंकलहरु क्रमशः कृष्ण के.सी., बाबुराम के.सी., पानबहादुर के.सी., विरेन्द्र के.सी. एवं अण्टीहरु रमा कार्की, मिठु कुँवर, मैया सापकोटा र सिता थापाका पुजनीय पिता **हर्कबहादुर के.सी.** को १०१ वर्षको उमेरमा भएको निधनले हामी अत्यन्तै मर्माहत र स्तव्ध भएका छौं । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

कुमार के.सी.
**दुर्गादेवी सप्लायर्स परिवार**
**पोखरा-१३, बाँझापाटन**

नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लि.
Nepal Agro Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :**
Pokhara-18, Kaski, Tel:061412445
Email : info@nepalagro.com.np
Website :www.nepalagro.com.np

# Unaudited Financial Results (Quarterly)

## As at 3rd Quarter (Fiscal Year 2077/78)

Rs in '000'

| S.N. | Particulars | This Quarter Ending | Prevoius Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities(1.1to1.8)** | **1,120,617.00** | **1,185,821.00** | **956,362.16** |
| 1.1 | Share Capital | 57,244.00 | 57,244.00 | 57,244.47 |
| 1.2 | Reserves and Surplus | 49,270.00 | 37,785.00 | 16,195.80 |
| 1.3 | Debenture and Bond | - | - | |
| 1.4 | Borrowings | 650,203.00 | 750,979.00 | 597,323.80 |
| 1.5 | Deposits | 307,031.00 | 286,739.00 | 244,856.87 |
| 1.6 | Purposed Dividend | - | - | - |
| 1.7 | Income Tax Liabilities | 10,085.00 | 6,142.00 | - |
| 1.8 | Other Liabilities | 46,784.00 | 46,932.00 | 40,741.22 |
| 2 | **Total Assets (2.1to2.7)** | **1,120,617.00** | **1,185,821.00** | **956,362.16** |
| 2.1 | Cash & Bank Balance | 6,681.00 | 6,911.00 | 5,154.36 |
| 2.2 | Money at call and short Notice | 142,957.00 | 263,297.00 | 210,444.66 |
| 2.3 | Investments | 1,000.00 | 1,000.00 | 1,000.00 |
| 2.4 | Loans & Advances | 937,848.00 | 883,932.00 | 710,585.28 |
| 2.5 | Fixed Assets | 3,308.00 | 2,818.00 | 3,766.13 |
| 2.6 | Nonbanking Assets | - | - | - |
| 2.7 | Other Assets | 28,823.00 | 27,863.00 | 25,411.73 |
| 3 | **Profit and Loss Account** | - | - | - |
| 3.1 | Interest Income | 93,988.00 | 59,192.00 | 82,911.12 |
| 3.2 | Interest Expense | 42,835.00 | 29,054.00 | 53,933.65 |
| A | **Net Interest Income (3.1-3.2)** | **51,153.00** | **30,138.00** | **28,977.47** |
| 3.3 | Commission and Other Operating Income | 19,066.00 | 12,846.00 | 16,077.08 |
| 3.4 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | **Total Operating Income (A+3.3+3.4)** | **70,219.00** | **42,985.00** | **45,054.55** |
| 3.5 | Personnel Expenses | 23,006.00 | 15,479.00 | 22,667.07 |
| 3.6 | Other Operating Expenses | 9,507.00 | 6,588.00 | 8,485.48 |
| C | **Operating profit Before Provision (B-3.5-3.6)** | **37,706.00** | **20,918.00** | **13,902.00** |
| 3.7 | Provision for Possible Loss | 79,860.00 | 68,986.00 | 9,708.75 |
| D | **Operating profit (C-3.7)** | **(42,154.00)** | **(48,068.00)** | **4,193.25** |
| 3.8 | Non-Operating Income/Expenses (Net) | - | - | - |
| 3.9 | Write Back of Provision for Possible Loss | 79,135.00 | 70,591.00 | 6,509.60 |
| E | **Profit From Regular Business (D+3.8+3.9)** | **36,981.00** | **22,523.00** | **10,702.85** |
| 3.1 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| F | **Profit Before Bonus and Taxes (E+3.10)** | **36,981.00** | **22,523.00** | **10,702.85** |
| 3.11 | Provision For Staff Bonus | 3,362.00 | 2,047.00 | 972.98 |
| 3.12 | Provision For Tax | 10,086.00 | 6,142.00 | 2,918.96 |
| G | **Net Profit/Loss (F-3.11 -3.12)** | **23,533.00** | **14,333.00** | **6,810.91** |
| 4 | **Ratios** | - | - | - |
| 4.1 | Capital Fund to RWA | 10.35 | 9.51 | 8.73 |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 2.01 | 1.90 | 1.57 |
| 4.3 | Total Loan Loss Provision to total NPL | 61.83 | 55.15 | 70.97 |
| 4.4 | Cost of Funds | 5.66 | 5.73 | 10.51 |

1. **The Unaudited financial figures may change if directed by Statutory Auditor/Supervisory Authorities.**
2. **Interest Rate: Deposit- Min 4% to Max 10%, Loans and advance - Min 15% to Max 15%**

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

# आ.व. २०७७/७८ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण** :

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** : आ.व. २०७७/०७८ को तेस्रो त्रैमासको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यस लघुवित्त वित्तीय संस्थाको सूचना पाटीमा टाँस गर्नुका साथै यसै साथ प्रकाशित गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु** : आ.व. २०७७/०७८ को तेस्रो त्रैमासका प्रमूख वित्तीय अनुपातहरुको विवरण देहाय बमोजिम रहेको छ

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु.५४.८१ | ६.५६ गुणा | रु.१८६ | रु.१९५७.६१ | १५.६३ प्रतिशत |

२. **व्यवस्थापकिय विश्लेषण** :

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : यस लघुवित्त वित्तीय संस्थाले आवश्यक तरलता व्यवस्थापन गरेको छ । अघिल्लो त्रैमासको तुलनामा तरलता मौज्दातमा ३९ प्रतिशतले कमि र खुद मुनाफामा अघिल्लो त्रैमासको तुलनामा यस त्रैमासमा ६४ प्रतिशतले वृद्धि आएको छ । यस अवधिमा लघुवित्त वित्तीय संस्थाको वित्तीय स्थिति सन्तोषप्रद रहेको छ । साथै यस त्रैमासको खुद मुनाफा रु.२ करोड ३५ लाख ३३ हजार रहेको छ ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : यस लघुवित्त वित्तीय संस्था निरन्तर रुपमा गुणस्तरीय लघुवित्त सेवा दिने कार्यमा केन्द्रित रहनेछ । यस लघुवित्त वित्तीय संस्थाले हालसम्म १० जिल्लाका २६ शाखा कार्यालयहरु मार्फत २०,९१२ विपन्न परिवारमा लघुवित्त बैंकिङ सेवा प्रदान गरेकोमा आगामी दिनमा पनि सेवा विस्तारलाई निरन्तरता दिने छ ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : लघुवित्त बैंकिङमा देखिएको प्रतिस्पर्धा, बैंक तथा वित्तीय संस्थाबाट लिइने कर्जाको व्याजदरमा उतार चढाव, बढ्दो सञ्चालन लागत तथा कोभिड-१९ महामारीको वर्तमान अवस्थामा लगानी तथा असुलीमा प्रत्यक्ष असर जस्ता विषयले यस लघुवित्त वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पार्न सक्दछ । तथापी लघुवित्त वित्तीय संस्थाले सम्भावित जोखिम तथा चुनौतीलाई न्यूनीकरण गर्ने तवरले कार्य सम्पादन गर्दै आएको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण** :

(क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए** : यस त्रैमासिक अवधिमा यस लघुवित्त वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए** : यस लघुवित्त वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए** : कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा** : यस लघुवित्त वित्तीय संस्थाको शेयर कारोबारका सम्बन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोवार अवलोकन गरिरहेको छ । शेयरको मूल्यमा तात्विक असर पार्ने कुनै पनि असामान्य घटना घटेको छैन । यस लघुवित्त वित्तीय संस्थाको शेयर नेपाल स्टक एक्सचेन्जको सूचकांङ्कको आधारमा खुल्ला बजारमा सामान्य रुपमा कारोबार भइरहेको पाइन्छ ।

(ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबारको संख्या** : यस लघुवित्त वित्तीय संस्था ईन्फिनिटी लघुवित्त वित्तीय संस्थासँग प्राप्तिमा जाने प्रारम्भिक सहमती भएकोले हाल वित्तीय संस्थाको सेयर कारोबार रोक्का भएको छ । प्राप्ति सम्बन्धी कार्य समाप्ती पश्चात सेयर कारोबार सुचारु हुनेछ ।

५. **समस्या तथा चुनौती** :

(क) **समस्या तथा चुनौति** : सीमित वित्तीय श्रोत, लगानीमा दोहोरोपना, ब्याजदर उतारचढाव, दक्ष जनशक्तिको अपर्याप्तता, बढ्दो प्रतिस्पर्धा आदि ।

(ख) **रणनीति** : यस लघुवित्त वित्तीय संस्थाले तरलता मौज्दात तथा त्यसको व्यवस्थापनमा ध्यान दिने, ग्राहक सदस्यहरुलाई वित्तीय साक्षरता/सिपमुलक तालिम प्रदान गर्ने, कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिम गर्ने जस्ता रणनीति अवलम्वन गरेर उल्लेखित समस्या तथा चुनौतीको सामना गर्ने क्रममा रहेको छ ।

६. **संस्थागत सुशासन** :

यस लघुवित्त वित्तीय संस्थाले संस्थागत सुशासन सुदृढ गर्नका लागि संचालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ । नेपाल राष्ट्र बैंकको निर्देशन तथा यस लघुवित्त वित्तीय संस्थाले बनाएका नीति नियमहरु पालना गरिएका छन् । संस्थागत सुशासनलाई अझ बलियो बनाउन लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति तथा सम्पत्ति दायित्व व्यवस्थापन समितिद्वारा अनुगमन गर्ने गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

# किसानको गोठगोठमा स्वास्थ्य शिविर


**पोखरापत्र संवाददाता**
**गोरखा, १४ बैशाख**

गोरखाको बारपाक सुलिकोट गाउँपालिकाले साविकको बारपाक क्षेत्रमा किसानको गोठगोठमा पुगेर भेडाका लागि स्वास्थ्य शिविर सञ्चालन गरेको छ । गाउँपालिकाले उक्त क्षेत्रमा भेडाका बच्चाका मृत्युदर घटाउन सहजीकरण गर्ने उद्देश्यले गोठगोठमा पुगेर भेडाको स्वास्थ्य शिविर सञ्चालन गरेको गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो ।

गाउँपालिकाको वडा नम्बर १ र २ मा पर्ने बारपाकमा पछिल्लो समय भेडाका बच्चाको मृत्युदर बढ्दै स्वास्थ्य भेडा उत्पादनका लागि गाउँपालिका पशुसेवा शाखा कार्यालयमार्फत शिविर सञ्चालन गरिएको उहाँले बताउनुभयो । "शिविरबाट भेडा स्वास्थ्य सुरक्षामा कसरी ध्यान दिनुपर्छ भनेर किसानलाई जानकारी प्रदान गरिएको छ", अध्यक्ष भट्टले भन्नुभयो, "आवश्यकताअनुसार शाखामार्फत किसानलाई औषधि वितरण गरिएको छ ।" गाउँपालिकाले ऊन विकासका लागि भेडा प्रवर्द्धन कार्यक्रममार्फत शिविर सञ्चालन गरेको हो । कार्यक्रमअन्तर्गत गाउँपालिकाले पालिका भित्र भेडाको उत्पादन तथा बजारीकरण, समूहगत रुपमा ऊन काट्ने मेसिन वितरण, ऊन धुने मेसिन, उन्नत चर्खा, सोलार त्रिपाललगायत वितरण गर्ने कार्यक्रम रहेको जनाइएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः
वि. स. १९७७/०३/२६ गते

स्वर्गारोहणः
वि. स. २०७८/०१/०३ गते

## स्वः हर्कबहादुर के. सी.

श्री भद्रकाली माध्यमिक विद्यालयका सल्लाहकार सदस्य समाजसेवी श्री कृष्ण के.सी., विद्यालयका शुभचिन्तक श्री बाबुराम के.सी. पानबहादुर के.सी., विरेन्द्र के.सी., दिपेन्द्र के.सी.का पुजनीय पिता विद्यालयका शिक्षक श्रीमती शान्ति के.सी.पौडेलका ससुराबुबा **हर्कबहादुर के. सी.** को १०१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी विद्यालय परिवार अत्यन्तै मर्माहत र स्तव्ध भएका छौं । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

घनश्याम रिजाल
प्रधानाध्यापक

सूर्य प्रसाद बराल
अध्यक्ष
शिक्षक अभिभावक संघ

लोकबहादुर कार्की
अध्यक्ष
वि.व्य.स.

तथा **भद्रकाली मा. वि. परिवार**
पोखरा-१३, कुँडहर



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९७७/०३/२६ गते

स्वर्गारोहणः
वि.स. २०७८/०१/०३ गते

## स्वः हर्कबहादुर के. सी.

यस भद्रकाली बहुमुखी क्याम्पस, पोखरा-१३, कुँडहरका संस्थापक सिनेटर सदस्य, नेपाली कांग्रेसका कास्की जिल्ला सभापति, कुशल राजनेता एवं प्रखर बौद्धिक व्यक्तित्व आदरणीय श्री कृष्णबहादुर के.सी. तथा हाम्रा अनन्य शुभचिन्तक मित्रहरु बाबुराम के.सी.,पानबहादुर के.सी. र वीरेन्द्र के.सी.का पूजनीय पिता साथै भद्रकाली मा.वि.की लोकप्रिय शिक्षिका शान्ति के.सी. का ससुराबुबा शतन्जीवी **हर्कबहादुर के. सी.** को १०१ वर्षको उमेरमा भएको निधनले हामीलाई निःशव्द र स्तव्ध तुल्याएको छ । उहाँसँगको सांसारिक वियोगले सिर्जेको यो असहनीय घडीलाई सहन गर्न सक्ने असाधारण शक्ति सबै शोकाकुल परिवारजन तथा आफन्तजनहरुलाई प्राप्त होस् भन्ने परमात्मा-प्रार्थना गर्दै र शोकसन्तप्त सबैप्रति गहिरो समवेदना प्रंकट गर्दै उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पवित्र तथा शुद्धा-शुद्धिको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामनाका साथ अमर आत्माप्रति हार्दिक श्रद्धान्जलीसमेत व्यक्त गर्दछौं ।

नवराज रेग्मी
क्याम्पस प्रमुख

बजिरमान श्रेष्ठ
अध्यक्ष

तथा **भद्रकाली बहुमुखी क्याम्पस परिवार**
पोखरा-१३, कुँडहर